गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
पोखरा, नेपाल

विधेयक संख्याः-

# केही गण्डकी प्रदेश ऐन खारेज गर्न बनेको विधेयक

प्रदेश सभा सचिवालय

गण्डकी प्रदेश

पोखरा ।

गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
पोखरा, नेपाल

## उद्देश्य र कारण

गण्डकी प्रदेश सभाबाट जारी भई कार्यान्वयनमा रहेका गण्डकी प्रदेश दुग्ध विकास बोर्ड ऐन, २०७५, गण्डकी प्रदेश ताल संरक्षण तथा विकास प्राधिकरण ऐन, २०७५ र गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान ऐन, २०७६ बमोजिम स्थापना भएका क्रमशः दुग्ध विकास बोर्ड, ताल संरक्षण तथा विकास प्राधिकरण र विज्ञान तथा प्रविधि प्रतिष्ठानको कार्यसम्पादन सन्तोषजनक नदेखिएकोले तत् तत् निकायबाट सम्पादन हुने कार्य सम्बन्धित मन्त्रालय वा प्रदेश सरकारले तोकेको यस्तै प्रकृतिको निकायबाट सम्पादन हुने गरी प्रशासनिक खर्च कटौती गर्दै प्रदेश सरकारको संरचनात्मक चुस्तता कायम गर्न आवश्यक देखिएकाले प्रस्तुत "केही गण्डकी प्रदेश ऐन खारेज गर्न बनेको विधेयक" मस्यौदा गरिएको हो ।

..........................

सुरेन्द्रराज पाण्डे

मुख्यमन्त्री

गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
पोखरा, नेपाल

## आर्थिक टिप्पणी

केही गण्डकी प्रदेश ऐन खारेज गर्न बनेको विधेयक ऐन बनेपछि यसको कार्यान्वयन गर्दा थप आर्थिक व्ययभार पर्ने देखिँदैन भने कार्यान्वयनबाट खारेज हुने ऐनबमोजिम स्थापना भएका बोर्ड, प्राधिकरण र प्रतिष्ठान खारेज भई तत् तत् निकायले गर्दै आएका कार्य सम्बन्धित मन्त्रालय वा प्रदेश सरकारले तोकेको यस्तै प्रकृतिको निकायबाट सम्पादन हुने हुँदा प्रशासनिक खर्च समेत कटौती हुन गई प्रदेश सरकारको खर्चमा मितव्ययिता हुन जाने देखिन्छ ।

.......................
सुरेन्द्रराज पाण्डे
मुख्यमन्त्री

# केही गण्डकी प्रदेश ऐन खारेज गर्न बनेको विधेयक

**प्रस्तावनाः** प्रचलित केही गण्डकी प्रदेश ऐन खारेज गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "केही गण्डकी प्रदेश ऐन खारेज गर्ने ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "प्रदेश सरकार" भन्नाले गण्डकी प्रदेश सरकार सम्झनु पर्छ ।

(ख) "सम्बन्धित मन्त्रालय" भन्नाले प्रदेश दुग्ध विकास बोर्ड ऐन, २०७५ को हकमा प्रदेश सरकारको कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय, गण्डकी प्रदेश ताल संरक्षण तथा विकास प्राधिकरण ऐन, २०७५ को हकमा जलाधार सम्बन्धी विषय हेर्ने मन्त्रालय र गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान ऐन, २०७६ को हकमा विज्ञान तथा प्रविधि सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

३. **खारेजी र बचाउः** (१) देहायका ऐनहरु खारेज गरिएका छन्,-

(क) गण्डकी प्रदेश दुग्ध विकास बोर्ड ऐन, २०७५

(ख) गण्डकी प्रदेश ताल संरक्षण तथा विकास प्राधिकरण ऐन, २०७५

(ग) गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान ऐन, २०७६

(२) उपदफा (१) बमोजिम खारेज भएका ऐन बमोजिम स्थापना भएका कोष तथा सम्पत्ति सम्बन्धमा देहाय बमोजिम हुनेछः-

(क) खारेज भएका ऐन बमोजिम स्थापना भएका कोषको रकमहरु प्रदेश सरकारको सञ्चित कोषमा सर्नेछन् ।

(ख) खारेज भएका ऐन बमोजिम स्थापना भएका प्रदेश दुग्ध विकास बोर्ड, ताल संरक्षण तथा विकास प्राधिकरण र गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठानको सबै सम्पत्ति, हक, दायित्व र कर्मचारी प्रदेश सरकारको सम्बन्धित मन्त्रालयमा सर्नेछ ।

तर, अस्थायी तथा करार कर्मचारीहरुको सेवा यो ऐन प्रारम्भ भएपश्चात् स्वतः समाप्त हुनेछ ।

(३) उपदफा (१) बमोजिम खारेज भएका ऐन बमोजिम यो ऐन प्रारम्भ हुँदाका बखत प्रारम्भ भइ सम्पन्न हुन बाँकी रहेका काम सम्बन्धित मन्त्रालय वा प्रदेश सरकारले तोकेको यस्तै प्रकृतिको निकायले सम्पादन गर्नेछ ।

गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

मुख्यमन्त्री

स्पष्टीकरणः यस उपदफाको प्रयोजनका लागि "निकाय" भन्नाले प्रदेश सरकारको संगठित संस्था वा आयोग वा प्रदेश सरकार मातहतको कार्यालय सम्झनु पर्छ ।

(४) उपदफा (१) बमोजिम खारेज भएका ऐन बमोजिम यो ऐन प्रारम्भ हुँदाका बखत प्रारम्भ भएको वा भइसकेको काम कारवाही उपदफा (१) बमोजिम खारेज भएका ऐन बमोजिम भए गरेको मानिनेछ ।

गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
पोखरा, नेपाल

सुरेन्द्रराज पाण्डे
मुख्यमन्त्री